नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

**अध्ययन तथा अनुसन्धानात्मक कार्यका लागि प्रस्ताव आह्वानको सूचना**

दोस्रो पटक प्रकाशन मितिः २०८०।१२।१६

यस केन्द्रको चालु आर्थिक वर्ष २०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार तपसिलका अध्ययन तथा अनुसन्धानात्मक कार्यका लागि परामर्श सेवामार्फत गराउनुपर्ने भएकाले इच्छुक सेवा प्रदायकहरूबाट प्रस्ताव आह्वान गरिएको छ।

| **प्रस्ताव नं.** | **कामको विवरण** | **जमानत रकम (रु.)** |
|---|---|---|
| **CDC/०२/२०८०।८१** | एकीकृत पाठ्यक्रम (कक्षा १-३) को प्रभावकारिता मूल्याङ्कन | २५,०००।- |
| **CDC/०३/२०८०।८१** | विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकको लम्बीय तथा क्षितिजीय तादात्म्यता अध्ययन | ३५,०००।- |
| **CDC/०४/२०८०।८१** | विद्यालय तहको साधारण र प्राविधिक तथा व्यावसायिक धारका पाठ्यक्रम तथा पाठ्यसामग्रीको गुणस्तर विश्लेषण | ३५,०००।- |

१) उल्लिखित तीनवटा कार्यका लागि प्रत्येकको छुट्टाछुट्टै प्रस्ताव पेस गर्नुपर्ने छ। प्रस्ताव पेस गर्दा आर्थिक र प्राविधिक प्रस्ताव छुट्टाछुट्टै खाममा सिलबन्दी गरी रीतपूर्वक पेस गर्नुपर्ने छ।

२) प्रस्तावसाथ संस्था कम्पनी दर्ता, नवीकरण प्रमाणपत्र, आर्थिक वर्ष २०७९।८० को करचुक्ता प्रमाणपत्र, कालोसूचीमा नपरेको स्वघोषणा, योग्यता र अनुभवलगायतका कागजात संलग्न राख्नुपर्नेछ।

३) सेवा प्रदायकहरूले मिति २०८०।१२।३० गते कार्यालय समयभित्र प्रत्येक कार्यका लागि १,०००।- रुपियाँका दरले (फिर्ता नहुने गरी) दस्तुर यस केन्द्रको कार्यालय कोड ३५००२३३०१, राजश्व शीर्षक न. १४२२९, कोष तथा लेखा नियन्त्रक कार्यालय कमलविनायक भक्तपुरको नाममा नेपाल बैङ्क लिमिटेड शाखामा रहेको राजस्व खाता न .००१०१००००००००१००१००१ तिरी फर्म दर्ता प्रमाणपत्रसहित लिखित निवेदन पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरमा पेस गरी प्रस्तावसम्बन्धी कागजात खरिद गर्न सकिने छ।

४) प्रस्तावहरू २०८१।०१।०२ गते १२:०० बजेभित्र पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्ततपुरमा दर्ता गर्नुपर्ने छ। उल्लिखित समयभन्दा ढिलो गरी प्राप्त भएका वा नियामानुसार रित नपुगेका प्रस्तावहरू कारबाहीका लागि समावेश गरिने छैन।

५) प्राप्त भएका प्रस्तावहरूको प्राविधिक प्रस्ताव २०८१।०१।०२ गते दिउँसो २:०० बजे उपस्थित हुन चाहने प्रस्तावदाताका प्रतिनिधिहरूको रोहबरमा पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरमा खोलिने छ। प्रस्तावदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन।

६) प्रस्ताव मूल्याङ्कन गर्दा कामको विवरणअनुसार छुट्टाछुट्टै मूल्याङ्कन गरिने छ। आर्थिक प्रस्ताव खोल्ने सूचना प्राविधिक प्रस्तावको मूल्याङ्कनपश्चात् दिइने छ। प्रस्तावको मान्य अवधि प्रस्ताव खोलिएको दिनदेखि गणना भई ४५ दिनको हुने छ।

७) प्रस्तावको साथमा उल्लिखित कार्यहरूका लागि सूचनामा उल्लेख भए बराबरको जमानत रकम यस केन्द्रको कार्यालय कोडः ३५००२३३०१, कोष तथा लेखा नियन्त्रक कार्यालय, भक्तपुरको नाममा नेपाल बैङ्क लिमिटेड, कमल विनायकमा रहेको धरौटी खाता, खाता नम्बर ०१९०१०००००२००३००००००१ मा रकम जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त 'क' वर्गको बैङ्कबाट यस केन्द्रको नाममा जारी भएको प्रचलित कानुनले तोकेको मान्य अवधि (प्रस्ताव खोल्ने मितिदेखि ७५ दिन) भएको बैङ्क जमानत पेस गर्नुपर्ने छ ।

८) यदि प्रस्ताव खरिद गर्ने, पेस गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ। यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साबिककै मितिदेखि गणना गरिने छ।

९) मिति २०८०।११।२३ मा प्रकाशित सूचनाबमोजिम प्रस्ताव पेस गरेका प्रस्तावदाताहरूले यस सूचनाबमोजिमको प्रस्तावका लागि फाराम शुल्क र जमानत रकम जम्मा गर्नुपर्ने छैन। आफ्नो कम्पनी/फर्म तथा संस्था दर्ता, नवीकरण र कर चुक्तासम्बन्धी कागजातको प्रतिलिपिसहित निवेदन पेस गरी प्रस्तावसम्बन्धी कागजात प्राप्त गर्न सक्ने छन्।

१०) कुनै वा सबै प्रस्ताव पुरै वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्रमा निहित रहने छ।

११) परामर्श सेवासम्बन्धी प्रक्रिया, समन्वय, कार्यक्षेत्रगत सर्तहरू, लागु हुने मितिलगायत अन्य आवश्यक व्यवस्था र सर्त प्रस्तावसम्बन्धी कागजात र सम्झौतामा उल्लेख भएबमोजिम हुने छ।

१२) उल्लिखित कार्यक्षेत्रगत सर्त र कार्यसम्बन्धी थप जानकारीका लागि यस केन्द्र वा फोन नं. ०१६६३४९१६ मा सम्पर्क राख्न सकिने छ।